नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १७८ | २०८१ साल माघ ३० गते बुधबार (12 Feb. 2025 Wednesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सांसदसँग रासस संवादः आम ... ३ पृष्ठमा : दशौं राष्ट्रिय खेलकुदः ... ३ पृष्ठमा : तिब्बती रूखका घेरा ...

# अध्यादेश पास नभए यो सरकार असफल हुन्छ : पुर्व प्रधानमन्त्री खनाल




**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

नेकपा एकिकृत समाजवादी पार्टीका बरिष्ठ नेता एवं पुर्व प्रधानमन्त्री झलनाथ खनालले सरकारले अध्यादेशबाट देश चलाउन खोजेको बताएका छन् ।

दुई तिहाईको बलियो सरकारले विधि प्रक्रिया मिचेर अध्यादेशबाट शासन व्यवस्था चलाउनु गलत रहेको उनले बताए ।

समाजवादी प्रेस संगठन नेपाल शाखा सप्तरीले मंगलबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै दुई दलको बलियो अनौठो सरकारले विधि प्रक्रिया अनुसार नियम कानुन बनाउनुपर्नेमा त्यसलाई मिचेर अध्यादेश मार्फत शासन चलाउनु गलत भएको तर्क राखे ।

"दुई ठुला दलको बहुमत भएपनि नियमित रुपमा ऐन कानुन बनाउनुका साटो अध्यादेशको बाटो रोज्नु गलत छ, उनले भने,-अध्यादेश पास नभए यो सरकार फेल हुन्छ ।"

नेता खनालले एमाले र काँग्रेस गठबन्धनको बर्तमान सरकारले अध्यादेश गलत ढंगले ल्याएको हुँदा पास हुने अवस्था नरहेको जिकीर गर्दै यस्ले सरकारलाई नैतिक संकटमा पार्ने समेत बताए ।

अहिलेको संविधान पूर्णरुपमा कार्यान्वयन गर्न नसक्नेहरुले संविधान संशोधनको हल्ला गरेर नौटंकी गरेको आरोप समेत उनले लगाए । संशोधन गर्नै परे कृषि क्रान्ति, भुमिसुधार, गरिबी उन्मुलन, औधोगिकरण, सीमारक्षा र रोजगारी लगायतका मुदा सम्बोधनका लागी गरिनु पर्नेमा खनालले जोड दिए ।

अहिलेको दुई दलिय सरकारले जनताको पक्षमा काम गर्न नसकेको आरोप लगाउँदै उनले केही बामपन्थीहरु कम्युनिस्टको सिधान्तबाट बिमुख भई काँग्रेसको पूच्छर बन्न पुगेकोले बाम गठबन्धनको तत्काल कुनै सम्भावना न रहेको स्पष्ट पारे ।

पत्रकार सम्मेलनमा सो पार्टीका पोलिटब्युरो सदस्य एवं मधेश प्रदेश इन्चार्ज उषा पोखरेल, केन्द्रिय सदस्य अनार कुमारी चौधरी, मधेश प्रदेशका साँसद गोविन्द न्यौपाने, जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी, पुर्व वडाअध्यक्ष शम्भु प्रसाद लाली लगायतको पनि उपस्थिती रहेको थियो ।

# कंचनरुपमा दुई सय एकल महिलालाई ब्ल्याङ्केट वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको कंचनरुप नगरसपालिकामा मंगलबार एकल महिलालाई ब्ल्याङ्केट वितरण गरिएको छ । चिसोका कारण पीडित बनेका गरिब असहाय २ सय ३ जना एकल महिलालाई ब्ल्याङ्केट वितरण गरिएको हो ।

महिला बालबालिका तथा ज्येस्ठ नागरिक मन्त्री नवलकिशोर साहको सहयोगमा एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थपना केन्द्र नामक संस्थाले ब्ल्याङ्केट वितरण गरेका छन् ।

संस्थाकी अध्यक्ष जुही ठाकुर, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, समाजसेवी बिरेन्द्र खड्ग लगायतकाले एकल महिलाहरुलाई ब्ल्याङ्केट वितरण गरेका थिए ।

कमाई गर्ने श्रीमान वितेपछी कस्टकर जीवन विताईरहेका एकल महिलालाई केही सहज होस भन्ने उदेश्यले ब्ल्याङ्केट वितरण गरिएको अध्यक्ष ठाकुरले बताईन् ।

श्रीमानको मृत्यु पछि बेरोजगार बन्नुका साथै कष्टकर जीवन व्यतित गर्न बाध्य भएका

*बाँकी तीन पृष्ठमा*

# सुरुङ्गामा औद्योगिक ग्रामको शिलान्यास : दुई बर्ष भित्र निर्माण सम्पन्न गरि संचालनमा ल्याईने

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको सुरुङ्गा नगरपालिका-३ स्थित लक्ष्मीनगरमा 'बिग इन्डस पदमनगर' औद्योगिक ग्राम स्थापना गरिने भएको छ ।

व्यवसायी वीरेन्द्र न्यौपानेका अगुवाइमा दुई वर्षभित्र रु चार अर्ब लागतमा १४ बिघा क्षेत्रफलमा छवटा उद्योगको निर्माण हुने भएको हो ।

नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) का बरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले सोमबार एक कार्यक्रमकाबीच 'बिग इन्डस पदमनगर' उद्योगको शिलान्यास गरे । शिलान्यासपछि बोल्दै नेता खनालले सप्तरीमा यसरी उद्योगको स्थापना हुनुले जिल्ला मात्रै नभई देशकै औद्योगिक क्षेत्रमा योगदान पुर्याउने विश्वास व्यक्त गरे ।

"यो एक ऐतिहासिक परियोजना हो । मुलुकलाई माया गर्ने र उद्योगधन्दामार्फत देशलाई समृद्धितर्फ लैजान यस औद्योगिक क्षेत्रले महत्त्वपूर्ण योगदान दिने छ भन्ने मैले विश्वास लिएको छु", नेता खनालले भने, "निजी क्षेत्रले धेरै काम गर्न सक्छन् र देशभक्त उद्यमीले देशमै उद्योगधन्दा सञ्चालन गरी रोजगार सृजना गर्न सक्षम छन् भन्ने यो एउटा उदाहरण हो ।"

उनले देशभित्र यस्ता उद्योगहरुको स्थापनाले बेरोजगारीको समस्या समाधान सहित युवाहरूको बढ्दो विदेश पलायनलाई रोक्न सकिने बताए ।

विभिन्न निर्माण कम्पनी सञ्चालक तथा हाइड्रोपावर व्यवसायीसमेत रहनुभएका 'बिग इन्डस पदमनगर'का सञ्चालक स्थानीयवासी न्यौपानेले आफ्ना हजुरबुबा पदमबहादुरले सामाजिक क्षेत्रमा पुर्याएको योगदानलाई चिरस्थायी बनाउन आफ्नै जन्मभूमिको माटो सुहाउँदो छ उद्योग स्थापना गर्न लागेको जानकारी दिए ।

"देश विदेशमा ठूला प्रोजेक्टमा काम गर्दैगर्दा स्वदेशमा पनि केही गर्ने हुटहुटीका कारण यहाँको माटो सुहाउँदो उद्योग सञ्चालनका लागि सोचेर निर्णय लिएको हुँ । हरेक पटक गाउँ आउँदा स्थानीयले आफ्नो जन्मथलोका लागि पनि कुनै काम गरिदिनुपर्यो भन्नुहुन्थ्यो", शिलान्यास समारोहमा उनले भने, "यसबाट यहाँका दाजुभाइ दिदीबहिनीलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु ।"

उनका अनुसार आँप, फर्सी, कटहर, तरबुजालगायत फलफूलको जुस प्याकेट बनाउन 'पल्प' उद्योग निर्माण गरिने छ । आँपको समयमा किसानले उत्पादन गरेका आँप दिनको १० ट्रकका दरले खरिद गरिने छ । यसबाट यहाँका किसानले आँपको बजार र मूल्य नपाउने समस्या समाधान हुने उनले बताए । त्यसैगरी, दुई हजार मेट्रिक टनको 'कोल्ड स्टोरेज' स्थापना गरी किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बिक्रीका लागि हुने समस्या हटेर जाने सञ्चालक न्यौपानेको कथन थियो ।

*बाँकी तीन पृष्ठमा*

# अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको तयारी पूरा

काठमाडौं, २९ माघ (रासस) ।

चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जनाएको छ ।

पहिलो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगिता आगामी फागुन ५ देखि १४ गतेसम्म सञ्चालन हुने मंगलवार आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिनुभयो । एन्फाले पहिलो पटक आयोजना गर्न लागेको चार देश सम्मिलित उक्त

*बाँकी तीन पृष्ठमा*

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

सार्वजनिक निकायले:
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'मच्छिन्द्रनाथको रथ बनाउने बेत सहज आपूर्तिको व्यवस्था गर्न अनुरोध'

पाटन (ललितपुर), २९ माघ (रासस)। ललितपुर महानगर प्रमुख चिरीबाबु महर्जनले रातो मच्छिन्द्रनाथको रथ बनाउन प्रयोग हुने बेत भारतको आसामबाट नेपाल ल्याउँदा कानुनी र प्राविधिक अड्चन झेल्नुपरेको बताउँदै उक्त प्रक्रिया सहज बनाउन सरोकार भएकासँग अनुरोध गर्नुभएको छ।

गुहाटी विश्वविद्यालयले आयोजना गरेको 'भारत-नेपाल सम्बन्धको जरा गुरु मच्छिन्द्रनाथको दृष्टिकोण' विषयक अन्तर्राष्ट्रिय सङ्गोष्ठीको सोमबार आयोजित उद्घाटन सत्रमा नगरप्रमुख महर्जनले रातो मच्छिन्द्रनाथको रथ निर्माणका लागि अत्यावश्यक पर्ने बेत नेपालमा सहज आपूर्तिको व्यवस्था गर्न अनुरोध गर्नुभएको हो।

"रथ बनाउन प्रयोग हुने बेत आसामबाट लानुपर्छ तर सहज छैन, यो प्रक्रियालाई सहज बनाउन अनुरोध गर्छु, रातो मच्छिन्द्रनाथको इतिहास जतिकै पुरानो र बलियो नेपाल र आसामको सम्बन्ध छ, अब काठमाडौँ र आसामबीच सिधै हवाई उडानबाट यात्राको व्यवस्था मिलाउन सकियोस्, यसले दुई देशबीच आवतजावत बढ्छ, सम्बन्ध अझै बलियो हुन्छ", उहाँले भन्नुभयो।

नगरप्रमुख महर्जनले रातो मच्छिन्द्रनाथको जात्रा रोचक तथ्यबारे जानकारी गराउँदै विश्वविद्यालयका उपकुलपति, प्राध्यापकहरू, विश्वविद्यालय परिवारलगायत गुहाटी र आसामका नागरिकलाई जात्रा हेर्न आउन निम्तासहित आह्वान गर्नुभयो। "रातो मच्छिन्द्रनाथको जात्रा हेर्न ललितपुर आउनुहोस्, भव्यताका साथ स्वागत गर्न आतुर छु", उहाँले भन्नुभयो।

कुनै पनि किलाकाँटाको प्रयोगबिना बेतले बाँधेर रातो मच्छिन्द्रनाथको रथ निर्माण गरिन्छ। रथ बनाउन प्रयोग गरिने बेत भारतको आसामबाट ललितपुर ल्याउने प्रचलन छ।

नगरप्रमुखले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलमा पर्यटन संस्कृति समितिका संयोजक वडाध्यक्ष विकासमान श्रेष्ठ, समितिका सदस्यद्वय रुपेन्द्रराज शाक्य र राजेन्द्र महर्जन, महानगरकी प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठ, महानगरका अमूर्त सम्पदा सल्लाहकार वदनलाल न्याछ्यो, पर्यटन सल्लाहकार दिलेन्द्रराज श्रेष्ठ, रातो मच्छिन्द्रनाथ पानेजु सङ्घका अध्यक्ष यज्ञरत्न शाक्य, ज्यापू समाज ललितपुरका अध्यक्ष शन्तमान महर्जन, ञवाल गुठीका गुठियार नवीन महर्जन, घःकु गुठीका गुठियार बुद्ध महर्जन, बाराही दः गुठीका नाइके दिलकुमार बाराहीलगायत हुनुहुन्छ।

कार्यक्रममा गुहाटी विश्वविद्यालयका उपकुलपति नानी गोपाल महन्तले रातो मच्छिन्द्रनाथले ललितपुर र भारतको सम्बन्धलाई बलियो बनाएको बताउनुभयो।

सांस्कृतिक र ऐतिहासिक रूपमा दुई देशबीचको सम्बन्ध बलियो भएको प्रष्ट पार्दै यो सम्मेलनले सम्बन्ध अझै कसिलो हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। मजुली सांस्कृतिक विश्वविद्यालयका पूर्वउपकुलपति प्राध्यापक डम्बरुधर नाथले भारत र नेपालबीचको प्रगाढ सम्बन्धको सेतु रातो मच्छिन्द्रनाथ भएको बताउनुभयो।

रातो मच्छिन्द्रनाथबारे गुहाटीमा छुट्टाछुट्टै विषयमा सात वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। ललितपुर महानगरकी प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले 'नेपालमा गुरु मच्छिन्द्रनाथ' विषयक

**बाँकी चार पृष्ठमा**


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सांसदसँग रासस संवादः आम सहमतिमा संविधान संशोधन गर्दै जानुपर्छ : गरिमा शाह

काठमाडौँ, २९ माघ (रासस)। राष्ट्रियसभामा आएको तीन वर्षको अवधिमा आफूले निर्वाह गरेको भूमिकाप्रति म सन्तुष्ट छु। आफ्नो योग्यता र क्षमताको हिसाबले संसद्को भूमिकामा महत्त्वपूर्ण समय दिएजस्तो लाग्छ। म हाल सार्वजनिक नीति प्रत्यायोजित तथा विधायन समितिको सदस्य छु।

समितिमा रहेर अध्ययन गर्दा के देखौँ भने ऐनभन्दा नियमावली ठूलो, नियमावलीभन्दा विनियमावली ठूलो अनिविनिमियावलीभन्दा कार्यविधि। पूरै अधिकार क्षेत्र नै पार गरेको पायौँ। कर्मचारीले आफ्नो अनुकूल कसैको इच्छामा निर्देशिका, कार्यविधि, मापदण्ड बनाएका देखौँ। प्रत्यायोजित विधायनको सन्दर्भमा छुट्टै एउटा कानुन बनाउनुपर्छ। यसका लागि कानुनले नै नियमन गर्नुपर्ने भनेर सरकारलाई निर्देशित गर्‍यौँ।

मैले प्रतिनिधिसभाको पनि अनुभव लिइसकेको छु। संविधान बनाउँदा मस्यौदा कार्यदलमा पनि थिएँ। तर संविधानको मर्मअनुसार काम हुनसकेको देखिएको छैन। यसै सन्दर्भमा संविधानको पूर्ण रूपमा कार्यान्वयन गर्नका लागि कानुन बने वा बनेनन् भन्नेमा विधायन समितिले अध्ययन गरेको थियो। उक्त अध्ययनको नतिजाले अझै पनि संविधान अनुकूलका कानुन नबनेको अवस्था देखाएको छ। जस्तै, शिक्षा विधेयक, निजामती विधेयक, नेपाल प्रहरी विधेयक थुप्रै विधेयक बाँकी नै रहेको स्थिति छ।

अधिकार बाँडफाँटबारे संविधानले परिकल्पना गरेको छः न्यायपालिका, कार्यपालिका र विधायिका। पछिल्लो समयमा कस्तो देखिन्छ भने सरकारले संसद्लाई छायाँमा पार्न खोजेको हो कि भन्ने आभास हुन्छ। सांसदहरूले कानुन बनाएनन् भनेर एकातिर आलोचना खेप्नुपर्ने अर्कोतिर कानुन बनाउने मुख्य मस्यौदाको जिम्मा जसलाई छ उसले नै जिम्मेवारी वहन नगरेको स्थिति छ। म भएको विधायन समितिले सरकारी आश्वासनको क्षेत्र पनि हेर्ने भएकाले सरकारले गर्छु भनेका थुप्रै काम हुन नसकेको प्रष्टै देखिएको छ।

नेपालको सन्दर्भमा सङ्घीयता नौलो अभ्यासका रूपमा रहेको छ। यद्यपि, कुनै पनि शासन प्रणालीलाई जब हामी अङ्गीकार गर्छौं त्यसलाई व्यवहार र अभ्यासमा लैजाँदै गर्दा कतिपय आउने अप्ठ्यारा र तदनुसार कानुनको माध्यमबाट सजिलो बनाउँदै लैजाने कुरा हो। गर्दै जाँदा त्यसरी नै परिपक्व हुँदै जाने हो। आएका अप्ठ्यारालाई सामना गर्दै जाने र हटाउँदै जाने हो। एउटा शासन व्यवस्थालाई राम्रो र सुदृढ बनाउने यसरी नै हो। तर सङ्घीयता कार्यान्वयनका सन्दर्भमा राज्यसत्ता सञ्चालनकर्तामा अनिच्छा देखिएको छ। सञ्चालनकर्ता भनेपछि सरकारमात्र होइन। राज्यभित्र सबै पर्छन्। संसद्, सरकार, न्यायपालिका, राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रलगायत सबै पर्छन्। तर हाम्रो जुन मानसिकता छ त्यो कतै न कतै अझै सङ्घीयतालाई भित्रैदेखि स्वीकार गर्न नसकिएको हो कि भन्ने लाग्छ। सङ्घीय, स्थानीय र प्रदेशले गर्ने काम, कर्तव्यमा पनि धेरै अलमल छ। कानुनकै अभाव छ। कानुन बनाइसकेपछि कार्यान्वयनका क्रममा कहाँ अप्ठ्यारो भयो भन्ने ठाउँमा हुनुपर्ने हो। तर आ-आफ्नो अधिकार क्षेत्रमा रहेर त्यसलाई उपभोग गर्न पनि हामीले त्यस खालको वातावरण कानुनी ढङ्गले बनाउन सकेको स्थिति छैन। जस्तो कि शिक्षा विधेयककै कुरा गरौँ। कानुनमा एउटा कुरा लेखिएको छ अभ्यासमा अर्कै छ। समितिमा छलफल भइरहेको छ। मस्यौदा एक किसिमको आउँछ, चाहना अर्को हुन्छ। विरोधाभाष छ।

संविधान संशोधनको सन्दर्भमा संविधानलाई १० वर्षमा पुनरावलोकन गर्ने भनेर संविधानमै लेखेका छौँ। हामीले १० वर्षमा संविधानले गरेका व्यवस्था कति सफल भए भनेर अवलोकन गर्ने हो। जुन कुरा कार्यान्वयन गर्नका लागि कानुन नै बनाएका छैनौँ। त्यसलाई असफल वा सफल भयो भनेर कसरी भन्ने ? मेरो मनमा प्रश्न छ। समयअनुसार आवश्यकता पनि परिवर्तन भइरहेका हुन्छन्। जनताका इच्छा सम्बोधन गर्नका लागि पनि संशोधनको आवश्यकता हुन्छ। गलत नियतका साथ राज्यलाई निरङ्कुशतातर्फ धकेल्ने, जनताका अधिकार कटौती गर्ने, महिलाका अधिकार कटौती गर्ने, थारू, मधेसी, दलित, जनजातिका अधिकार कटौती गर्ने, सङ्घीयतालाई नै खारेज गर्नेगरी वा अरु हिसाबले एक कदम पछाडि जाने गरी संविधान संशोधन हुन्छ भने त्यो प्रिय हुँदैन। ग्राह्य पनि हुँदैन। एक कदम अघि बढ्नका लागि सबैको सहमतिमा क्रमशः संशोधन गर्दै जानुपर्छ।

चाहे युवाको विदेश पलायन रोक्ने कुरा होस् वा आर्थिक समृद्धिका कुरा यी सबैका लागि पहिलो शर्त सुशासन नै हो। सुशासन भएन भने मुलुकमा रोजगारी सृजना र उत्पादन गर्न सक्दैनौँ र युवाको विदेश पलायन पनि रोक्न सक्दैनौँ। दुःखको कुरा के छ भने सरकार सुशासन कायम गर्नेभन्दा पनि नीतिगत भ्रष्टाचारलाई बढावा दिनेतर्फ केन्द्रित जस्तो देखिरहेकी छ। सुशासनका लागि राज्य व्यवस्था सञ्चालन गर्ने प्रमुख पदमा बस्ने व्यक्तिहरू नैतिक रूपले बाँधिएको हुनुपर्छ। उहाँहरू नै सदाचारी, नैतिक हुनुपर्ने हुन्छ।

**सांसद गरिमा शाहको परिचय**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)की नेतृ मदनकुमारी शाह (गरिमा) राष्ट्रियसभा सदस्य हुनुहुन्छ। उहाँ विद्यार्थी राजनीतिबाट २०४६ सालदेखि राजनीतिमा सक्रिय हुनुहुन्छ। विसं २०६४ को संविधानसभा निर्वाचनको उम्मेदवार, २०७० सालको संविधानसभा सदस्यसमेत रहनुभएकी शाह हाल नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय सचिव तथा सुदूरपश्चिम इन्चार्ज हुनुहुन्छ।

*(सांसदसँग रासस संवादका लागि राष्ट्रियसभा सदस्य गरिमा शाहसँग राससका समाचारदाता बुनु थारूले गर्नुभएको कुराकानीको सम्पादित अंश)*

# सिमेन्टको मूल्यवृद्धिलाई लिएर उद्योगमन्त्री र सांसदबीच सवाल-जवाफ

**अशोक घिमिरे**

काठमाडौँ, २९ माघ (रासस)। सिमेन्टलगायत निर्माण सामग्री एवं खाद्य वस्तुको मूल्यवृद्धि सम्बन्धमा छलफल गर्न बसेको राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद गोपीबहादुर सार्की अछामीबीच सवाल(जवाफ भएको छ।

बैठकमा सांसदहरूले उठाएको जिज्ञासाको जवाफ दिने क्रममा उद्योगमन्त्री भण्डारीले सिमेन्टको मूल्यवृद्धि हुनुमा उद्योगमा भएको 'लोडसेडिङ'को पनि भूमिका रहेको बताएपछि माओवादी सांसद अछामीले बीचैमा प्रतिवाद गर्दै सो सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग बहस गर्न आग्रह गर्नुभयो।

सांसद अछामीले भन्नुभयो, "माननीयमन्त्रीज्यू, यो बहस यहाँ गर्ने होइन, त्यो बहस ऊर्जा मन्त्रालयमा गर्ने हो, हामीसँग यहाँ गर्नुपर्ने नै होइन।" मन्त्री भण्डारीले उद्योगमा लोडसेडिङ छ, छैन भन्ने कुराको पनि तथ्यमा हेर्नुपर्ने बताउनुभयो। "अब लोडसेडिङ छैन भन्नुहुन्छ, विद्युत् प्राधिकरणले 'सेड्युल' दिएको छ, बोलाउनु न प्राधिकरणलाई म त आग्रह गरिहेको छु समिति सभापतिलाई", लोडसेडिङको तालिका हेर्न सुझाउँदै उहाँले भन्नुभयो, "यो मूल्यवृद्धि भएका बेलामा लोडसेडिङ कति भयो त्यसको सेड्युल हेरौँ न, कसैले लोडसेडिङ छ भन्ने कसैले छैन भन्ने हामीले गरिराख्नुपर्छ र ?"

सांसद अछामीले "त्यो कुरा हाम्रो सरोकारको कुरा भएन, त्यो त्यही मन्त्रालयसँग गर्नुस्", भन्नुभयो। मन्त्री भण्डारीले सरकारको निकाय विद्युत् प्राधिकरण भएकाले छलफल हुनुपर्ने उल्लेख गर्नुभयो। सांसद अछामीले भन्नुभयो, "महँगी नियन्त्रण हुनुपर्‍यो, उद्योग मन्त्रालयको ध्यान त्यहाँ पुग्नुपर्‍यो भन्ने मात्रै हाम्रो कुरा हो।"

नेकपा (एकीकृत समाजवादी)का सांसद राजेन्द्रलक्ष्मी गैरेले मूल्य बढाउनुमा सांसदको भूमिका हो भनी प्रश्न गर्नुभयो। सो प्रश्नमा उद्योगमन्त्रीले 'छैन' भन्ने जवाफ दिएपछि सांसद गैरेले प्रस्ताव गर्नुभयो, "छैन, भने चै जसको हो त्यहीँनेर छलफल गरौँ न त।"

मन्त्री र सांसदबीच सवाल(जवाफ भएपछि समिति सभापति सोनामगेल्जेन शेर्पाले 'हस्तक्षेप' गरी 'यसलाई यही थाती राखौँ' भनी प्रस्ताव गर्नुभयो। समयको अभाव भएको भन्दै सभापति शेर्पाले विषय केन्द्रित धारणा राख्न मन्त्रीलाई निर्देश गर्नुभयो।

मन्त्री भण्डारीले समितिको निर्देशन सरकारलाई स्वीकार्य भएको बताउनुभयो। "म फेरि पनि भन्छु, समितिले जे निर्देश गर्छ, त्यो मान्छु", उहाँले भन्नुभयो, "विद्युत् प्राधिकरण सरकारभन्दा बाहिरको निकाय पनि होइन, यो सरकारी निकाय हो।"

यत्तिकैमा एकीकृत समाजवादीका अर्का सांसद उदयबहादुर बोहराले सिमेन्टलगायत निर्माणजन्य सामग्रीको मूल्यवृद्धि हुनुमा 'कस्ट अफ प्रोडक्ट' प्रस्टसँग आउनुपर्‍यो भन्नुभयो। सिमेन्टको मूल्य तोक्नका लागि अहिले समिति गठन भइसकेको जानकारी दिँदै मन्त्री भण्डारीले भन्नुभयो, "के( केमा वृद्धि भएको हो, त्यो समितिले लिएर आउँछ।"

मूल्यवृद्धिको सम्भाव्य कारकका बारेमा उद्योगमन्त्रीले प्रस्टयाउँदै गर्दा पुनः सांसद अछामीले प्रश्न गर्नुभयो, "मूल्यवृद्धिमा सांसदहरूले पनि साथ दिनुपर्‍यो भन्ने जस्तो कुरा आयो नि त ? हामी त्यो त गर्दैनौँ, यति छोटो अवधिमा जति मूल्य बढ्या छ, यो जायज छ ?"

मन्त्री भण्डारीले सभापतिको अनुमति लिएर आफूले बोलिरहेको उल्लेख गर्दै भन्नुभयो, "माननीयज्यू, यस विषयमा सरकारलाई निर्देश गर्नुस्।" सांसद अछामीले, "सरासर उपभोक्ता ठग्न त पाइए न नि भनी", भन्नुभयो।

जवाफमा मन्त्री भण्डारीले आफ्नो भनाइ दोहोर्‍याउँदै भन्नुभयो, "समितिबाट निर्देश गर्नुस् सरकारलाई, मूल्यवृद्धि घटेको छ, घटाउने कोसिस भइरहेको छ, यससम्बन्धी आवश्यक समिति बनेको छ, समितिको जे निष्कर्ष आउँछ, त्यसलाई मान्नुपर्छ।"

मन्त्री भण्डारीले सांसदलाई आफूले मूल्यवृद्धि गरिदिनुस् भनेर नभनेको भनी स्पष्ट पार्नुभयो। सवाल(जवाफ नरोकिएपछि पुनः सभापति शेर्पाले 'हस्तक्षेप' गर्दै विषयमा प्रवेश गर्न मन्त्रीलाई ध्यानाकर्षण गराउनुभयो।

सभापतिको निर्देशनपछि मन्त्री भण्डारीले मूल्यवृद्धिका कारणहरूमध्येमा लोडसेडिङ पनि भएको दाबी गर्नुभयो। "लोडसेडिङ कसरी भयो ? बाढीपहिरोले माथिल्लो तामाकोशी आयोजनामा क्षति पुग्यो, त्यसको उत्पादन घट्यो, यो त प्राधिकरणले स्वीकारे कै छ त", उहाँले भन्नुभयो, "सिमेन्टको मूल्य यसकारणले बढेको छ भनेको हैं, उद्योगी व्यवसायीले आफूखुसी बढाएको चाहिँ होइन।"

यद्यपि सरकार उद्योग पनि जोगाउने, मूल्यवृद्धि पनि नियन्त्रण गर्ने, उपभोक्तालाई राहत दिनेमा

**बाँकी तीन पृष्ठमा**

# दशौँ राष्ट्रिय खेलकुद: भारात्तोलन र जुडोका खेलाडी छनोट

कैलाली, २९ माघ (रासस)।

दशौँ राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिम प्रदेशको छनोट प्रतियोगितामा भारात्तोलन र जुडोका खेलाडी छनोट भएका छन् ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को आयोजनामा भइरहेको छनोट प्रतियोगितामा सोमबार विभिन्न प्रतियोगिताअन्तर्गत जुडो र भारात्तोलनका खेलाडी छनोट गरिएका छन् । जुडोबाट दशौँ राष्ट्रिय खेलकुदका छनोट खेलमा सहभागी पुरुष र महिला खेलाडी प्रथम हुँदै छनोट भएका हुन् ।

जुडोमा पुरुषतर्फ ६० किलोमा कैलालीका चन्द्रबहादुर बोहोरा, ६६ किलोमा कैलालीका चेतेन्द्र बम, ७३ किलोमा कैलालीका हरि गोविन्द जोशी, ८१ किलोमा कैलालीका योगेन्द्र विष्ट, ९० किलोमा कञ्चनपुरका सुरेश गिरी, एक सय किलोमा कैलालीका रमेश चन्द र एक सयभन्दा बढी किलोमा कैलालीका चन्द्रप्रसाद चौधरी छनोट भएका परिषद्ले जनाएको छ ।

महिलातर्फ ४८ किलोमा कैलालीकी मीना सिंह, ५२ किलोमा कैलालीकी देवकी थापा, ५७ किलोमा कञ्चनपुरकी रञ्जना चौधरी र ७८ किलोमाथि कञ्चनपुरकी नेहा नेपाली छनोट भएका छन् ।

त्यस्तै भारात्तोलनतर्फ पुरुषमा ५५ किलोमा सिद्धार्थ चौधरी, ६१ किलोमा कञ्चनपुरका दिनेश घटाल, ६७ किलोमा कैलालीका सुदीप चौधरी, ७३ किलोमा कञ्चनपुरका अशोकसिंह भण्डारी, ८१ किलोमा कैलालीका नरेश चौधरी, ८९ किलोमा कञ्चनपुरका आरयन भण्डारी, ९६ किलोमा कञ्चनपुरकै प्रदीप भण्डारी, एक सय दुई किलोमा कञ्चनपुरका विजय जोशी, एक सय नौ किलोमाथि कञ्चनपुरका सुभास उपाध्याय रहेका छन् ।

महिलातर्फ ४५ किलोमा कैलालीकी सविना चौधरी, ५५ किलोमा कैलालीकी सुनिता चौधरी, ६४ किलोमा कैलालीकी अङ्किता चौधरी, ७६ किलोमा कञ्चनपुरकी चम्पा ठकुल्ला, ८१ किलोमा कैलालीकी सानम चौधरी १० औँ राष्ट्रियका लागि छनोट भएकी छिन् ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सुदूरपश्चिम प्रदेशबाट सात सय ७८ जना खेलाडीले सहभागिता जनाउने छन् भने चार सय ५० जना निर्णायक पनि सहभागी हुनेछन् ।

सुदूरपश्चिम प्रदेश सरकारले १०औँ राष्ट्रिय खेलकुदमा ६१ विधाका खेलमा सहभागिता जनाउने भएको छ । त्यसका लागि प्रदेश छनोट प्रतियोगितामा महिला र पुरूष गरी ३१ खेल भइरहेको सुदूरपश्चिम खेलकुद परिषद्का सदस्य सचिव दिपकबहादुर सिंहले जानकारी दिनुभयो । छनोट प्रतियोगिता फागुन २ गतेसम्म सञ्चालन हुनेछ । उहाँका अनुसार छनोट प्रतियोगिताका खेलहरू कैलाली र कञ्चनपुरमा हुनेछन् ।

कैलालीको धनगढीमा फुटबल, भलिबल, एथलेक्टिस, क्रिकेट, बास्केटबल, ब्याडमिन्टन, टेबल टेनिस, बुद्धिचाल, खो-खो, उसुलगायत खेलहरु भइरहेका छन् । त्यस्तै कञ्चनपुरको महेन्द्रनगरमा कबड्डी, कुस्तीलगायत खेल भइरहेका छन् । प्रदेश छनोट प्रतियोगितामा प्रथम मेडल तीन सय ३२, द्वितीय मेडल तीन सय २०, तृतीय मेडल चार सय ५६ रहेका सिंहले जानकारी दिनुभयो ।

# दुनाटपरी व्यवसायबाट दैनिक तीन हजारसम्म आम्दानी

बरहथवा (सर्लाही), २९ माघ (रासस)।

हरिवन नगरपालिका-४ गेल्हाका २० वर्षीय जितेन्द्र महतोले दुनाटपरी उद्योग सञ्चालन गरेर दैनिक रु ३ हजारसम्म आम्दानी गर्दै आउनुभएको छ । गाउँमा एक उदाहरणीय उद्यमीका रूपमा परिचित उहाँले दुनाटपरी बनाउने उपकरण थप गरी व्यवसाय विस्तार गर्नुभएको छ ।

सोमबार नयाँ उपकरणको उद्घाटन गर्नुभएका जितेन्द्रले आगामी दिनमा उत्पादन दुईगुणाले बढ्ने अपेक्षा व्यक्त गर्नुभयो । हरिवन नगरपालिकाले आयोजना गरेको लघुउद्यम कार्यक्रममा सहभागी भएर दुनाटपरी बनाउने सीप सिक्नुभएका उहाँले नौ महिना पहिला उद्योग सुरु गर्नुभएको हो ।

चुरेका वनमा खेर गइरहेको साल, भोर्लाको पातबाट दुनाटपरी बनाउने उक्त उद्योगमा महतोले २० जना युवालाई रोजगारी दिनुभएको छ । हरिवन-१० सुकेपोखरीस्थित चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसमा स्नातक अध्ययनरत उहाँ १२ कक्षापछि वैदेशिक रोजगारीको योजनामा हुनुहुन्थ्यो । विदेश भासिने तयारीमा रहेको आफू वडाध्यक्ष केशवराज थापाको सहयोगमा उद्यमी बनेको उहाँले बताउनुभयो ।

"म कक्ष १२ (प्लस टु) सकेर विदेश जाने अन्तिम तयारीमा थिए", उहाँले भन्नुभयो, "वडाध्यक्षसँग सहयोग माग्न जाँदा उहाँले यही केही गर्नुपर्छ भनेपछि हौसला पाएर सीप सिकेको हुँ । नगरले आयोजना गरेको लघु उद्यमसम्बन्धी सेमिनारमा लैजानु भएपछि । मलाई पनि उद्यमी बन्ने रहर जागेको हो । रहर त जाग्यो । तर, लगानी नहुँदा निकै दुःख पाएँ । उहाँले सहयोग गरेपछि आज उद्यम गरिरहेको छु ।"

बजारमा दुनाटपरीको माग धेरै भएकाले रु तीन लाख ६० हजार पर्ने नयाँ उपकरण जडान गरेको महतोले बताउनुभयो । यसअघि रु दुई लाख ४० हजारमा एक थान उपकरण जडान गरेको उहाँले उल्लेख गर्नुभयो । "त्यसबाट विभिन्न पाँच प्रकारका दैनिक पाँच हजार दुनाटपरी उत्पादन हुने गरेको छ । अब दैनिक १० हजार बढी उत्पादन बजार पुऱ्याउने लक्ष्य छ", उहाँले भन्नुभयो ।

नयाँ उपकरण जडानपछि महिनामा तीन लाखसम्मको दुनाटपरी उत्पादन गर्न सकिने उहाँको दाबी छ । यसबाट मजदुर, उत्पादन, बजारीकरणसमेतको खर्च कटाएर दैनिक रु दुई हजार पाँच सयदेखि रु तीन हजारसम्म मुनाफा हुने उहाँले जानकारी दिनुभयो । रुखको पातबाट बन्ने भएकाले दुनाटपरी वातावरण मैत्री हुने भएकाले प्लास्टिकजन्य सामानभन्दा उपभोक्तालेसमेत धेरै रुचाउने गर्नुभएको उहाँको अनुभव छ ।

जितेन्द्रले स्थानीयस्तरमा उत्पादन भएका, वातावरण मैत्री सामग्रीको अधिक प्रयोग गरेर सबै तहबाट नवयुवा उद्यमीलाई प्रोत्साहन गर्न आग्रह गर्नुभयो । यसले वैदेशिक रोजगारीमा जाने क्रम निरुत्साहित गर्ने भएकाले लघु उद्यममा युवालाई जोड्न आवश्यक रहेको बताउनुभयो । "सुरुमा नपत्याएका बैंकहरूले अहिले ऋण लिन बोलाइरहेका छन् । सुरुमा उद्यम सुरु गर्छुभन्दा पुँजी थिएन", उहाँले स्मरण गर्नुभयो, "ऋण माग्दा बैंक तथा वित्तीय सङ्घसंस्थाहरूले दिएनन् ।"

अहिले फोन गरेर 'ऋण लैजानुस्' भनिरहेका महतोले बताउनुभयो । पहिलो पटक हरिवनमा रहेको सगुन बचत तथा ऋण सहकारीबाट लिएको रु एक लाख ऋणबाट सुरु भएको उद्योग सञ्चालनमा फेरि त्यसबेलाको जस्तो सङ्कट भोग्नु नपरेको उहाँले सुनाउनुभयो ।

जितेन्द्रले सञ्चालन गर्नुभएको भजुँ बाबा दुनाटपरी उद्योगबाट उत्पादन भएका सामग्री जिल्लाको हरिवन, नवलपुर, बागमती, लालबन्दी, बरहथवा, बयलबास, मलङ्गवालगायत बजारसम्म पुग्ने गरेको छ । उपभोक्ताको मागअनुसार सालको पत्ता, भोज पत्ता, दुनाटपरीलगायत सामान बजारमा उपलब्ध गराउने गरेको उहाँले बताउनुभयो ।

जितेन्द्रजस्ता लगानी नभएका, उद्यमी बन्ने योजना भएकालाई नगरपालिकाले रणनीति बनाएर प्रोत्साहन गरिरहेको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले बताउनुभयो ।

स्थानीय साधनस्रोतमा जोडेर युवालाई स्वरोजगार बनाए मात्र मुलुक समृद्धिको यात्रामा जाने वडाध्यक्ष केशवराज थापाले बताउनुभयो । पढाइ छोडेर रोजगारीका लागि विदेश जान सहयोग माग्ने युवालाई गाउँ घरमा उद्यम गरेर परिवारसँग बस्न प्रेरित गर्दै आइएको उहाँको भनाइ छ ।

### सुरुङ्गामा...

न्यौपानेका अनुसार भारतीय पेट्रोलियमसँगको सहकार्यमा 'लुब्रिकेन्ट्स' उत्पादन गर्ने उद्योगको पनि स्थापना गरिने छ । त्यसैगरी, अन्य उद्योगमा सिसा र बोटल उद्योग, 'बिटुमिन'का पेन्टस् उद्योग र सौर्य प्लान्टबाट तीन मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोड्नेगरी उद्योगको संरचना निर्माण र सञ्चालन गर्न करिब दुई वर्षको समय लाग्ने उनले जानकारी दिए । "त्यसले पाँच सय जनालाई प्रत्यक्ष र पाँच हजार परिवारलाई अप्रत्यक्ष रोजागारीको अवसर सृजना हुन्छ", सञ्चालक न्यौपानेले भने ।

सोही क्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले उद्योग स्थापनापछि यस क्षेत्रका जनता प्रत्यक्ष रूपमा लाभान्वित हुने भन्दै खुसी व्यक्त गरे ।

परियोजनाका प्रबन्धक भीष्म रेग्मीका अनुसार यस यौद्योगिक क्षेत्रको सबै संरचना निर्माणका लागि रु चार अर्ब लागत अनुमान रहेको छ ।

### अन्तर्राष्ट्रिय...

प्रतियोगितामा नेपालसँगै किर्गिस्तान, म्यान्मा र लेबनानको सहभागिता रहनेछ ।

उक्त प्रतियोगिताको 'टिकेटिङ राइट' रु एक करोड ३५ लाख र 'ब्रोडकास्टिङ राइट' रु ६६ लाखमा बिक्री गरेको एन्फाले जनाएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगिताको टिकट दर 'भिआइपी'तर्फ रु एक हजार र साधारण प्यारापिटतर्फ रु ५०० तोकिएको छ ।

एन्फाका अनुसार सहभागी टोलीले अभ्यासका लागि सातदोबाटोस्थित एन्फा मुख्यालय मैदान र भद्रकालीस्थित नेपाली सेनाको खेलमैदान प्रयोग गर्नेछन् ।

प्रतियोगिताको अनुमानित बजेट करिब रु दुई करोड ५० लाख ५६ हजार १०४ लाग्ने आयोजकले जनाएको छ ।

### सिमेन्टको...

प्रतिबद्ध रहेको र यससम्बन्धमा समितिबाट स्पष्ट निर्देशन होस् भन्नेमा आफू रहेको उहाँको भनाइ थियो । सरकारको धारणा दोहोऱ्याउँदै मन्त्री भण्डारीले भन्नुभयो, "राज्यको दायित्व उद्योग पनि जोगाउने हो, उपभोक्तालाई राहत दिने पनि हो ।"

समिति सभापति शेर्पाले अध्ययन समितिको प्रतिवेदन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयँसग उद्योगमा भएको लोडसेडिङको विषयमा छलफल गरिने बताउनुभयो । उहाँले यससम्बन्धमा व्यापक छलफलपछि मात्रै निष्कर्षमा पुगिने बताउनुभयो ।

### कंचनरुपमा...

एकल महिलालाई संगठित गरी उनीहरुलाई विभिन्न सीपमुलक तालिम समेत प्रदान गरी स्वरोजगार बनाउने काम संस्थाले गरिरहेको जानकारी दिदै उनले यसले उनीहरुको हौसला बढदै जाने विश्वास ब्यक्त गरिन् ।

उक्त संस्था अहिले जिल्लाको १८ वटै पालिकामा एकल महिला वडा र नगर समिति गठन गरी सशक्तीकरण अभियान नै चलाउँदै आएको छ ।

## विश्व समाचार

# तिब्बती रूखका घेराहरूले जलवायु तनाव र चिनियाँ वंशवादबीच सम्बन्ध देखाए : अध्ययन

बेइजिङ, २९ माघ (रासस/एएफपी)।

जलवायु तनाव र सामाजिक अशान्तिबीचको ऐतिहासिक सम्बन्धलाई उजागर गर्दै हजारौँ वर्षको वर्षाको ढाँचा पछ्याउने एक अध्ययनले सुक्खा अवधिहरू चीनमा वंशवादी उथलपुथलको युगहरूसँग मिल्दोजुल्दो पाएको छ ।

एक अनुमान अनुसार गत वर्ष विश्वव्यापी र चीन दुवैमा सबैभन्दा तातो वर्ष रेकर्ड गरियो । चरम मौसमी घटनाहरूले विश्वभर विनाश मच्चाए र प्राकृतिक प्रकोपहरूले तीन खर्ब १० अरब डलरको आर्थिक क्षति पुऱ्याएको थियो ।

तिब्बती पठारमा किलियन जुनिपर रूखहरूको घेरा विश्लेषणको आधारमा यस महिना प्रकाशित अनुसन्धानले जलवायु तनावले कसरी समाज र शक्तिलाई हजारौँ वर्षअघि परिवर्तन गरेको थियो भन्ने बारे झलक प्रस्तुत गर्दछ।

"विश्वव्यापी जलवायु परिवर्तनबारे बढ्दो चिन्ताहरूलाई ध्यानमा राख्दा ऐतिहासिक र वर्तमान दुवै 'हाइड्रोक्लाइमेट' मा परिवर्तनहरू बुझ्न महत्त्वपूर्ण छ", अनुसन्धानकर्ताहरूले प्रतिष्ठित नेचर जर्नलमा प्रकाशित प्रतिवेदनमा लेखेका छन् ।

रुखका घेराहरूमा भएका आइसोटोपहरू विशिष्ट गुणहरू भएका रासायनिक तत्वका रूपहरूको परिवर्तनलाई समय(समयमा वर्षाको विविधता बुझ्न प्रयोग गर्न सकिन्छ ।

यसले चिनियाँ एकेडेमी अफ साइन्सेजका धेरै अनुसन्धानकर्ताहरूलाई विगत तीन हजार चार सय ७६ वर्षको जलवायु रेकर्डको पुनर्निर्माण गर्न सक्षम बनायो ।

"हाम्रो जल-जलवायु पुनर्निर्माणले लामो आर्द्र अवधिपछि दीर्घकालीन वर्षा घट्ने तीन विशिष्ट चरणसहित धेरै चिनियाँ राजवंशको उदय र पतन सुक्खा अवस्थातर्फको महत्त्वपूर्ण परिवर्तनको समयसँग मेल खान्छ भन्ने सङ्केत गर्दछ", प्रतिवेदनमा भनिएको छ ।

ईसापूर्व ११० देखि ईस्वी २८० सम्म चलेको पहिलो सुक्खा चरणमा छोटो अवधिको जिन राजवंश स्थापना भयो र त्यसपछि द्रुत गतिमा पतन भयो ।

"ईस्वी १४ पछि जलवायु सुक्खा भएपछि अनिकाल र नरभक्षणका घटनाहरू बढे, जसले व्यापक विद्रोह निम्त्यायो र अन्ततः राजवंशको पतनमा परिणत भयो", प्रतिवेदनले भन्यो ।

प्रतिवेदनअनुसार यो सुक्खा अवधि तीन राज्य कालको युद्धहरूसँग मिल्दोजुल्दो थियो र यसले गर्दा सुक्खाका कारण निम्त्याएको व्यापक अनिकालसँगै चीनको जनसङ्ख्या छ करोडबाट घटेर तीन करोड हुन पुग्यो ।

दोस्रो चरण ईस्वी ३३० र ७७० बीचको थियो । यसमा तुयुहुन, सुई र ताङ राजवंशहरू पर्छन् । ईस्वी ९५० देखि १३०० सम्मको तेस्रो चरण सोङ राजवंश र यसको पतनसँग मेल खान्छ ।

"प्रत्येक राजवंशको प्रारम्भिक चरणहरूमा आर्द्र अवस्थाहरू समृद्धिको अवधिसँग सम्बन्धित थिए भने सुक्खातर्फको क्रमिक परिवर्तन लगातार तिनीहरूको गिरावट र अन्ततः पतनसँग मेल खान्थ्यो", प्रतिवेदनले भनेको छ ।

# विश्व स्वास्थ्य सङ्गठनद्वारा बाल क्यान्सरको निःशुल्क औषधिको योजना सार्वजनिक

जेनेभा, २९ माघ (रासस/एएफपी)।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जीवन दर बढाउने प्रयासमा मङ्गलबार निम्न र मध्यम आय भएका देशहरूमा बसोबास गर्ने हजारौँ बालबालिकाका लागि निःशुल्क क्यान्सर औषधि प्रदान गर्ने नयाँ प्लेटफर्म सुरु गरेको छ ।

सङ्गठनका अनुसार पहिलो औषधिहरू मङ्गोलिया र उज्बेकिस्तानमा पुऱ्याइँदैछ र परियोजनाको पाइलट चरणका रूपमा इक्वेडर, जोर्डन, नेपाल र जाम्बियामा थप ढुवानीको योजना बनाइएको छ ।

यी छ देशका कम्तीमा ३० वटा अस्पतालमा यस वर्ष क्यान्सर भएका करिब पाँच हजार बालबालिकासम्म उपचार पुग्ने अपेक्षा गरिएको छ ।

"पाइलट चरणका देशहरूले गुणस्तर सुनिश्चित गरिएका बाल क्यान्सर औषधिहरूको निरन्तर आपूर्ति निःशुल्क प्राप्त गर्नेछन्", संयुक्त राष्ट्र स्वास्थ्य निकायले विज्ञप्तिमा भनेको छ ।

डब्लुएचओका अनुसार न्यून तथा मध्यम आय भएका देशहरूमा बाल क्यान्सर जीवित रहने दर प्रायः ३० प्रतिशतभन्दा कम छ भने उच्च आय भएका देशहरूमा यो करिब ८० प्रतिशत छ ।

"धेरै लामो समयदेखि क्यान्सर भएका बालबालिकाहरूको जीवन बचाउने औषधिमा पहुँच थिएन", डब्लुएचओ प्रमुख टेड्रोस अधानोम घेब्रेयेससले भन्नुभयो ।

प्लेटफर्ममा सामेल हुन थप छ देशलाई आमन्त्रित गरिएको छ । यसबाट आगामी पाँचदेखि सात वर्षमा ५० देशमा पुग्ने आशा गर्दछ र करिब एक लाख २० हजार बालबालिकालाई औषधि उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

डब्लुएचओका अनुसार विश्वभर हरेक वर्ष अनुमानित चार लाख बालबालिकामा क्यान्सर विकसित हुन्छ । तीमध्ये अधिकांश सीमित स्रोत भएका वातावरणमा बस्छन् ।

"यस्ता वातावरणका ७० प्रतिशत बालबालिका उपयुक्त उपचारको अभाव, उपचारमा अवरोध वा कम गुणस्तरको औषधि जस्ता कारणले क्यान्सरबाट मर्ने अनुमान गरिएको छ", डब्लुएचओले भनेको छ ।

डब्लुएचओले निःशुल्क प्रावधान पायलट चरणभन्दा पनि पछि जारी रहने र प्लेटफर्मले लामो समयसम्म यसको दिगोपन विकास गर्न काम गरिरहेको बताएको छ ।

प्लेटफर्म स्थापना गर्ने योजना पहिलो पटक सन् २०२१ डिसेम्बरमा घोषणा गरिएको थियो । यो संयुक्त राज्य अमेरिकाको टेनेसीको मेम्फिसमा रहेको सेन्ट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल र डब्लुएचओ बीचको संयुक्त उद्यम हो ।

गैर-नाफामूलक बाल चिकित्सा उपचार र अनुसन्धान संस्थाले यसको प्रक्षेपणका लागि २० करोड डलर प्रतिबद्ध गरेको डब्लुएचओले जनाएको छ ।

# बामपन्थीको नाममा कुनै दलसँग एकता हुँदैन : एमाले महासचिव पोखरेल



**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव शंकर पोखरेलले एमाले अब कुनै दलका नेतासंग टाउको जोडेर बाम एकता गर्ने पक्षमा पार्टी नरहेको बताएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिकामा सोमबार आयोजना गरिएको बृहत पार्टी प्रवेश तथा जनसभा कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरेलले पार्टीले विगतमा बामपन्थी एकताको नाममा माओवादी पार्टी संग एकता गरेर गल्ति गरेकोले अव त्यस्तो नहुने बताए ।

"अव त्यस्तो गल्ती नदोहोऱ्याउने प्रतिवद्धता जनाए । 'बामपन्थिको नाममा कुनै दलसंग एकता हुँदैन' उनले भने ।

जनता र कार्यकर्ताको भावनासंग जोडिदै जनतामा गएर जनचेतना अभिवृद्धि गर्ने र पार्टीलाई नयाँ ढंगले विस्तार गर्दै सुदृढ बनाउने अभियानमा एमाले लागेको नेता पोखरेलले बताए ।

नेकपा एमाले पछाडि परेका श्रमिक, किसान,युवा, विद्यार्थी लगायतका वर्गको पक्षमा रहने पार्टी भएकाले मधेस र सप्तरीको समग्र विकासमा पनि एमालेको विकल्प नरहेको उनको कथन थियो ।

नेकपा एमाले जिल्ला सप्तरी कमिटी अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा पोलिटव्युरो सदस्य तथा सप्तरी इन्चार्ज सुमनराज प्याकुरेल, केन्द्रीय सदस्य तथा मधेश प्रदेश सरकारका गृह,सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी,नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य सत्यनारायण मण्डल, केन्द्रिय सदस्य सरिता गिरि, दिवाकर देवकोटा लगायतका नेताहरुले आ(आफ्ना विचार व्यक्त गरे ।

यसैबीच सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि सैयौं नेता तथा कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् ।

जसपा नेपालका केन्द्रीय सदस्य तथा राजनीति समिति सदस्य एवं मधेस प्रदेशका सह इन्चार्ज विनोद कुमार चौधरीको नेतृत्वमा शम्भुनाथ नगर समिति अध्यक्ष सरोज चौधरी , वडा नम्बर १ देखि १२ सम्मको पुरै नगर र वडा समितिको पदाधिकारी सहित सयौं जना जसपा नेपाल परित्याग गरि नेकपा एमालेमा प्रवेश गरेका छन् ।

यस्तै कन्चनरुप ११ का वडा अध्यक्षका प्रत्यासि उम्मेदवार दिपक चौधरीको नेतृत्वमा ५० जना नेपाली काङ्ग्रेस परित्याग गरि एमालेमा प्रवेश गरे भने माओवादी केन्द्रका केन्द्रिय निर्वाचन आयोग, मधेस प्रदेश निर्वाचन समितिका अविनास प्रसाद सिंहको नेतृत्व ६५ जना माओवादी केन्द्र परित्याग गरि एमालेमा प्रवेश गरेका छन् ।

त्यस्तै लोसपा परित्याग गरि खेदनारायण रामको नेतृत्वमा १५ जना, जनमत पार्टी परित्याग गरि मो ताहिरको नेतृत्वमा २५ जना परित्याग गरि नेकपा एमाले को सुखी नेपाली समृद्ध नेपालको अभियान मा जोडिएको आयोजकले जनाएको छ ।

विभिन्न दल परित्याग गरेर एमाले प्रवेश गरेका नेता तथा कार्यकर्ता लाइ कार्यक्रमका प्रमुख अतिथि तथा एमाले महासचिव शंकर पोखरेल, पोलिटव्युरो सदस्य सुमनराज प्याकुरेल तथा केन्द्रिय राजकुमार लेखिले टिका खादा लगाएर स्वागत गरेका थिए ।

# वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा जोड

काठमाडौँ, २९ माघ (रासस) ।

सांसदहरूले वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गरिनुपर्नेमा जोड दिनुभएको छ ।

मंगलवार सङ्घीय संसद्, राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २६२औँ बैठकमा राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्याहरूको समाधान सम्बन्धमा प्राप्त सुझावहरूमाथि छलफलका क्रममा उहाँहरूले वन्यजन्तुको सुरक्षाका लागि वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गरिनुपर्ने बताउनुभयो ।

समितिका सभापति मायाप्रसाद शर्माले आवश्यकताका आधारमा मात्रै निकुञ्जमा पूर्वाधार निर्माण गर्नुपर्ने बताउनुभयो । "विकासको नाममा संरक्षण क्षेत्र विनाश हुने किसिमले नीतिगत व्यवस्था लागू गर्नुहुँदैन । संरक्षण गर्ने भनेर मात्र पनि हुँदैन । विकास आजको आवश्यकता हो," उहाँले भन्नुभयो, "विकास र वातावरणलाई सन्तुलन गरेर अघि बढ्नुपर्छ ।"

सांसद मदनकुमारी शाहले संरक्षण क्षेत्रभित्र वन्यजन्तुमैत्री पूर्वाधार निर्माणसम्बन्धीका नीति कडाइका साथ लागू गर्न सरकारलाई निर्देशन दिनुपर्ने बताउनुभयो ।

सांसद रेनु चन्दले निकुञ्ज क्षेत्रभित्र वन्यजन्तु आवतजावतलाई सहज बनाउन 'अन्डरपास' र 'ओभरपास'का लागि पूर्वाधार निर्माण गर्नुपर्ने बताउनुभयो ।

सांसदहरू नरबहादुर विष्ट, श्रीकृष्णप्रसाद अधिकारी, युवराज शर्मा, सुमित्रा विसी, गोमादेवी तिमल्सिना, रुक्मिणी कोइराला, बलदेव बोहोरा, पदमबहादुर परियारले निकुञ्ज क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री हुनुपर्नेमा जोड दिनुभएको थियो ।

***'मच्छिन्द्रनाथको...***

कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

महानगरका अमूर्त सम्पदा सल्लाहकार न्याछ्योले सम्पदा र विश्वसम्पदा विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । पानेजु सङ्घका अध्यक्ष शाक्यले रातो मच्छिन्द्रनाथको पूजा विधि, ज्यापू समाजका अध्यक्ष महर्जनले जात्रा व्यवस्थापन र रथ निर्माणसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । गुठी संस्थानका निमित्त प्रशासक शालिकराम सुवेदीले आसामबाट बेत सङ्कलन प्रक्रियाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्रिभुवन विश्वविद्यालय, इतिहास विभागका पूर्वप्रमुख प्राध्यापक राजाराम सुवेदीले 'नेपालमा सिद्ध मच्छिन्द्रनाथ'को भूमिका विषयक कार्यपत्र र डा विदु प्रकाश कायस्थले रातो मच्छिन्द्रनाथ, जलवायु परिवर्तन र त्यसको असर विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# नारायणी अस्पताल भवन निर्माणको उल्झन सल्टियो

वीरगञ्ज (पर्सा), २९ माघ (रासस) ।

सर्वोच्च अदालतको फैसलासँगै विगत पाँच वर्षदेखि रोकिएको नारायणी अस्पतालको भवन निर्माणको उल्झन सल्टिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र सुनिलकुमार पोखरेलको सोमबारको संयुक्त इजलासले यसअघि उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले गरेको फैसलालाई उल्टाइदिएसँगै पाँच वर्षदेखि रोकिएको नारायणी अस्पताल भवन निर्माण नयाँ बाटोबाट प्रक्रिया बढ्ने आशा पलाएको छ ।

नारायणी अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताले यसअघि अस्थायी इजलास वीरगञ्जको निर्माण कम्पनी एनडिइ/भ्याली कन्स्ट्रक्सन प्रालि (भिसीपिएल)/नेशनल डेभलपमेन्ट इन्जिनियरिङ (एसएसएनसी)पक्षको फैसला उल्टाइदिएसँगै भवन निर्माणसम्बन्धी विवाद टुङ्गोमा पुगेको जानकारी दिनुभयो ।

"अस्थायी इजलासले निर्माण कम्पनीको पक्षमा फैसला दिएसँगै सहरी विकास तथा भवन निर्माण विभागले सो फैसलाको विरुद्ध सर्वोच्चमा पुनरावेदन हालेको थियो", उहाँले भन्नुभयो, "पुनरावेदन हालेको पाँच वर्षपछि सर्वोच्च अदालतले उच्च अदालतको फैसला उल्टाइदिएसँगै नयाँ प्रक्रिया अघि बढ्ने बाटो खुलेको हो ।" उच्चको फैसला उल्टाइदिएसँगै सोमबार बेलुका वीरगञ्जका नागरिक समाज तथा चिकित्सकले फैसलाको स्वागत गरेका छन् ।

यद्यपि सो मुद्दाको फैसलासम्बन्धी पूर्णपाठ आइसकेको छैन । नारायणी अस्पतालका वरिष्ठ चिकित्सक डा नीरज सिंहले सर्वोच्च अदालतको फैसलाले नारायणी अस्पताल भवन निर्माण प्रक्रियाको बाटो खुलेको बताउनुभयो । पूर्व प्रदेशसभा सदस्य राजेश्वर साहले सर्वोच्चको फैसलासँगै अस्पताल भवन निर्माण फास्टट्र्याकमा गर्नुपर्ने माग गर्नुभयो । सङ्घीय सरकारले २०७५/०७६ सालमा नारायणी अस्पतालमा पाँच सय शय्याको भवन विस्तारका लागि रु एक अर्ब ५० करोड बजेट विनियोजन गरेको थियो ।

सर्वोच्चले सो मुद्दालाई अग्राधिकारमा राखेर फैसला गरेको हो । वीरगञ्जमा नागरिक समाज र चिकित्सक तथा स्वास्थकर्मीले नारायणी अस्पताल भवन निर्माणसम्बन्धी मुद्दा छिटो टुङ्गो लाग्नुपर्ने भन्दै दबावमूलक कार्यक्रम पनि गर्दै आइरहेका थिए ।

# बेलबारीमा दोस्रो प्रादेशिक ललितकला प्रदर्शनी हुँदै

सुन्दरहरैँचा (मोरङ), २९ माघ (रासस) ।

मोरङको बेलबारीमा नेपाल ललितकला प्रतिष्ठानको आयोजनामा दोस्रो प्रादेशिक ललितकला प्रदर्शनी हुने भएको छ ।

बेलबारी-१ स्थित तमु बुद्धिष्ट गुम्बामा आगामी फागुन १६ देखि २० गतेसम्म हुने प्रदर्शनीमा कोशी प्रदेशका सबै जिल्लाबाट सहभागी आउने अनुमान गरिएको आयोजकले जनाएको छ । प्रदर्शनीमा ललितकलाका सबै विधा समेटिने प्रदर्शनीका संयोजक सञ्जय वान्तवाले बताउनुभयो । उहाँले प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न गर्न ६१ सदस्यीय मूल आयोजक समिति र विभिन्न ११ उपसमिति गठन गरिएको जानकारी दिनुभयो ।

समसामयिक चित्रकला, परम्परागत चित्रकला, समसामयिक मूर्तिकला, परम्परागत मूर्तिकला, हस्तकला, भिडियो तथा फोटोग्राफी, मैथिली लोककला समावेश हुने उल्लेख गरिएको छ । साथै थारू लोककला, सन्थाल लोककला, राजवंशी लोककला, खवास लोककला, मौलिक रैथाने लोककला तथा अन्य सिर्जनात्मक कला, प्रतिस्थापन कला, वास्तुकला, भावभङ्गी कलाको पनि प्रदर्शनी गरिने बताइएको छ ।

यस्तै, १२ जनाको विज्ञ टोलीले प्रदर्शित कलाको व्यक्तिगत रुपमा मूल्याङ्कन गरेर दिएको नम्बर जोडेर आएको योगफलको आधारमा पुरस्कृत हुने कला छनोट गरिने बताइएको छ । पुरस्कृत हुने हरेक विधाका उत्कृष्ट कलाकारले रु २५ हजारका साथमा प्रमाणपत्र पाउनेछन् । प्रदर्शनीभरबाट उत्कृष्ट हुने एक जनाले रु ३० हजार र प्रमाणपत्र पाउने उल्लेख गरिएको छ ।

प्रदर्शनीबाट छानिएका कलाकृतिले राष्ट्रिय प्रदर्शनीमा सहभागी हुने मौका पाउने बताइएको छ । पहिलो दिन उद्घाटन समारोह, दोस्रो दिन राष्ट्रिय कलाकारसहितको कला कार्यशाला, तेस्रो दिन समसामयिक कला, लोककला तथा रैथाने कलासम्बन्धी अन्तरक्रिया, चौथो दिन सांस्कृतिक कार्यक्रम र पाँचौँ दिन समापन समारोहका कार्यक्रम हुने आयोजकले जनाएको छ ।

# सुनको मूल्य बढ्दा चाँदीको घट्यो

काठमाडौँ, २९ माघ (रासस) ।

सुनको मूल्य बढेको छ भने चाँदीको मूल्य घटेको छ ।

मंगलवार स्थानीय बजारमा सुनको मूल्य प्रतितोला रू ६ सय बढेको हो । सोमबार प्रतितोला रू एक लाख ६९ हजार छ सयमा कारोबार भएको सुन मंगलवार प्रतितोला रू एक लाख ७० हजार दुई सय निर्धारण भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

चाँदीको मूल्य भने प्रतितोला रू ३० घटेको छ । मंगलवार चाँदीको मूल्य प्रतितोला रू १ हजार नौ सय ४५ निर्धारण गरिएको छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*